## प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था

**३८. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापनाः** (१) कुनै व्यक्ति, समुह वा संस्थाले प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहेमा परिच्छेद २ मा उल्लेखित गरिएका ब्यावस्था अनुसार अनुसुचि २ बमोजिमको पूर्वाधार पूरागरि अनुमतिको लागि नगर शिक्षा अधिकारी समक्ष अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदकलाई प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न नगर कार्यपालिकाले तोकेको मापदण्ड तथा प्रक्रिया वमोजिम अनुमती दिन मनासिब देखिएमा आवश्यक शर्त तोकी अनुसूची-१० बमोजिमको ढाँचामा अनुमती दिन वडाले शिक्षा महाशाखामा सिफारिस गर्नेछ।

(३) उपदफा (२) वमोजिम पेश हुन आएमा पनि प्रारम्भिक बाल विकास केन्द्रहरु बढी भई आवश्यक नठानिएमा अनुमती दिइने छैन।

(४) कुनै संस्थाले उपदफा (२) बमोजिम तोकिएको शर्त अनुरूप प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन नगरेमा शिक्षा शाखाले त्यस्तो केन्द्रलाई दिएको अनुमती जुनसुकै बखत रद्द गर्न सक्नेछ।

३९.**प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहिने पूर्वाधार** : प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्नको लागि पूर्वाधार तोकिए बमोजिम हुनेछ।

**४०. स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्ने**: प्रारम्भिक बाल शिक्षा केन्द्रमा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ। थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्दा श्रब्य दृष्य सहित आधुनिक प्राविधियुक्त सामाग्री प्रयोग गर्ने।